काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक


www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६३ | बिहीवार, १२ चैत, २०८२ | Thursday, 26 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

हेलचेक्र्याइँबाट जेन–जी आन्दोलनमा ७६ को मृत्यु :

ओली, लेखक र खापुङमाथि १० वर्षसम्म कैद सिफारिस



काँक्रेविहार संवाददाता

काठमाडौं, ११ चैत

जेन-जी आन्दोलनका क्रममा भएको ठूलो मानवीय क्षतिबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ माथि 'हेलचेक्र्याइँ' (लापर्वाही) गरेको ठहर गर्दै १० वर्षसम्मको कैद सजाय सिफारिस गरेको छ।

गौरीबहादुर कार्की संयोजकत्वको आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ र १८२ अनुसार अनुसन्धान, तहकिकात र अभियोजन गर्न सिफारिस गरिएको उल्लेख छ। आयोगका अनुसार ती तीनै पदाधिकारीले आफ्नो पदअनुसारको जिम्मेवारी निर्वाह गर्न नसक्दा ठूलो मानवीय क्षति भएको देखिएको छ।

आयोगको निष्कर्षअनुसार २०८२ भदौ २३ गते नयाँ बानेश्वर संसद परिसर बाहिर भएको प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोलीका कारण घटनाको सुरुवात भएको थियो। प्रारम्भिक घटनापछि स्थिति नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै पनि झण्डै चार घण्टासम्म गोली नरोकिनु, बल प्रयोगको विकल्प नखोजिनु र उच्च तहबाट आवश्यक निर्देशन नआउनु गम्भीर लापर्वाहीका रूपमा औंल्याइएको छ।

प्रतिवेदनमा उल्लेख भएअनुसार सोही दिन घटनास्थलमै १७ जनाको मृत्यु भएको थियो भने गोली लागेर घाइते भएका थप १२ जनाको पछि मृत्यु भयो। त्यसपछि २४ भदौसम्म फैलिएको घटनाक्रममा कुल ७६ जनाको ज्यान गएको आयोगले जनाएको छ। आयोगका अनुसार २३ भदौको घटनापछि पनि आवश्यक सुरक्षा रणनीति नअपनाइँदा भोलिपल्टको अवस्था झन् भयावह बनेको थियो।

आयोगले राज्यका जिम्मेवार निकायले समयमै हस्तक्षेप नगरेको, सुरक्षाको वैकल्पिक उपायहरू प्रयोग नगरेको तथा आवश्यक समन्वयको अभाव रहेको निष्कर्ष निकालेको छ। 'गोली चल्न थालेपछि तुरुन्तै रोक्नुपर्नेमा त्यसतर्फ कुनै सक्रियता नदेखिनु, आवश्यक निर्देशन नदिनु र घटनाको गम्भीरतालाई बेवास्ता गर्नु नै लापर्वाही हो,' प्रतिवेदनको सार छ।

प्रतिवेदनमा विशेषगरी प्रधानमन्त्रीको भूमिकामाथि प्रश्न उठाइएको छ। राज्यको कार्यकारी प्रमुख र नागरिकको अभिभावकको हैसियतमा थप मानवीय क्षति रोक्न पहल गर्नुपर्ने दायित्व पूरा नभएको आयोगले उल्लेख गरेको छ। घण्टौंसम्म गोली चलिरहँदा पनि प्रभावकारी हस्तक्षेप नहुनु गम्भीर कमजोरीका रूपमा औंल्याइएको छ।

गृहमन्त्री र सुरक्षा निकायका प्रमुखहरूले पनि स्थिति नियन्त्रणमा लिन आवश्यक निर्णय लिन नसकेको आयोगको निष्कर्ष छ। दिउँसोदेखि नै ठूलो मानवीय क्षति भइरहेको अवस्थामा पनि राष्ट्रिय सुरक्षा परिषद्को बैठक ढिलो बोलाइनु र समन्वयको अभाव देखिनु प्रमुख कारणका रूपमा उल्लेख गरिएको छ।

आयोगले बयानका क्रममा सम्बन्धित पदाधिकारीहरूबाट सन्तोषजनक जवाफ नआएको र घटनाप्रति आवश्यक जिम्मेवारी स्वीकार नगरेको पनि जनाएको छ। विशेषगरी केपी शर्मा ओली ले आयोगका केही प्रश्नहरूमा स्पष्ट जवाफ नदिएको उल्लेख गरिएको छ।

यद्यपि प्रतिवेदनले पूर्वनियोजित रूपमा हत्या गर्ने मनसाय पुष्टि नभएको स्पष्ट पारेको छ। तर सुरक्षा बलले गोली चलाइसकेपछि त्यसलाई रोक्न र वैकल्पिक उपाय अपनाउन नसक्नु, तथा त्यसमा उच्च तहबाट निर्देशन नआउनुका कारण ठूलो मानवीय क्षति भएको निष्कर्ष निकालिएको छ।

आयोगले भविष्यमा यस्ता घटना दोहोरिन नदिन बल प्रयोगलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्नुपर्ने, शान्तिपूर्ण प्रदर्शनको अधिकारको सम्मान गर्नुपर्ने तथा सुरक्षाकर्मीले 'आवश्यकता' र 'अनुपातिकता'को सिद्धान्त पालना गर्नुपर्ने सुझाव दिएको छ।

प्रतिवेदनले राज्य संयन्त्रले नागरिकको जिउज्यानको सुरक्षा सुनिश्चित गर्न असफल हुँदा त्यसको प्रत्यक्ष असर समाज र देशभरि परेको उल्लेख गर्दै जिम्मेवार पदाधिकारीमाथि कानुनी कारबाही आवश्यक भएको औंल्याएको छ।

इनिशा विक हत्या प्रकरण :

सामुहिक बलात्कार नभएको निष्कर्षसहित प्रहरीले बुझायो अनुसन्धान प्रतिवेदन

काँक्रेविहार संवाददाता

सुर्खेत, ११ चैत

इनिशा विकको रहस्यमय हत्या घटनाको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालय सुर्खेतमा बुझाइएको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतले प्रतिवेदन बुझाएको हो।

पीडित परिवारले सामुहिक बलात्कारपछि इनिशाको हत्या गरिएको भन्दै किटानी जाहेरी दर्ता गराएका थिए। तर अनुसन्धान प्रतिवेदनमा सामुहिक बलात्कार नभएको निष्कर्ष निकालिएको प्रहरीले जनाएको छ। अनुसन्धान प्रतिवेदन अनुसार इनिशाका प्रेमी भन्ने १६ वर्षीय किशोरले जबरजस्ती करणी गर्दा संवेदनशील अङ्ग च्यातिएको र अत्यधिक रक्तश्राव हुँदा मृत्यु भएको प्रहरी स्रोतको भनाइ छ।

गएको २३ फागुनमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१, कि १६ वर्षीया इनिशाको रहस्यमय तवरबाट हत्या भएको थियो। त्यस दिन विद्यालय जान्छु भन्दै घरबाट निस्किएकी इनिशा वीरेन्द्रनगर-४, स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन। प्रहरीले उनलाई कर्णाली प्रदेश अस्पताल पुऱ्याएको थियो। लगत्तै अस्पतालले उनलाई मृत घोषणा गरेको थियो।

प्रहरीले घटनास्थलबाट एक १६ वर्षीय किशोरलाई गिरफ्तार गरी अनुसन्धान थालेका थियो। पक्राउ परेका ति किशोरले इनिशासँग शारीरिक सम्पर्कपछि भएको अत्याधिक रक्तश्रापका कारण बेहोस भएको बयान दिएका छन्। इनिशाको पोष्टमार्फट रिपोर्टमा पनि मृत्युको कारण यौनाङ्गको भित्रि भागमा लागेको गहिरो चोटका कारण भएको रक्तश्राप देखाइएको छ। अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतका अनुसार इनिशाको मृत्यु सामुहिक बलात्कार नभई मुख्य अभियूक्त अनमोल गौलीसँगको शारीरिक सम्पर्कले यौनाङ्गको भित्रि भागमा लागेको गहिरो चोटपछि भएको रक्तश्राप नै रहेको बताए।



'प्रहरीले इनिशा विक मृत्यु प्रकरणको अनुसन्धान पुरा गरेको छ' ति अधिकृत भन्छन्, 'उनको मृत्युको कारण सामुहिक बलात्कार नभई मुख्य अभियूक्तसँगको यौन सम्पर्कपछि भएको रक्तश्राप देखिएको छ।' उनका अनुसार मुख्य अभियूक्त गौलीलाई जबरजस्ती करणी र कर्तव्य ज्यान सम्बिन्धि मुद्दामा जन्मकैदको माग गरिएको छ।

यस्तो छ, कानूनि सजायको व्यवस्था

नेपालमा जबरजस्ती करणी र कर्तव्य ज्यान गम्भीर फौजदारी अपराध हुन्। जसका लागि मुलुकी अपराध संहिता, २०७४ अनुसार कडा सजायको व्यवस्था छ। जबरजस्ती करणीमा उमेरअनुसार ७ देखि १० वर्ष वा सोभन्दा बढी कैद र कर्तव्य ज्यानमा जन्मकैद वा २० वर्षसम्म कैद सजाय हुन सक्छ।

जबरजस्ती करणीसम्बन्धी कानूनी सजाय (मुलुकी अपराध संहिता) अनुसार १८ वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए ७ देखि १० वर्षसम्म कैद सजाय तोकिएको छ। भने १० वर्ष वा सोभन्दा बढी र १४ वर्षभन्दा कम उमेरकी बालिका भए १० देखि १२ वर्षसम्म कैद र १० वर्षभन्दा कम उमेरकी बालिका भए १२ देखि १५ वर्षसम्म कैद तोकिएको छ।

यस्तै, बालिकाको मृत्यु भएमा जन्मकैद सजाय र सामूहिक बलात्कार भएमा सावि्कको सजायमा थप ५ वर्ष कैद सजाय तोकिएकाओ छ। कर्तव्य ज्यान (हत्या) सम्बन्धी कानूनी सजाय अन्तर्गत नियन्त्रित वा योजनाबद्ध हत्या भए सर्वस्वसहित जन्मकैद (सावि्कको व्यवस्था अनुसार) वा हालको संहिता अनुसार जन्मकैदको सजाय तोकिएको छ। अन्य अवस्थामा ज्यान मारेमा जन्मकैद वा १० देखि २० वर्षसम्म कैद तोकिएको छ।

तीन जनाविरुद्ध कर्तव्य ज्यान सम्बन्धि मुद्दा

उक्त घटनामा संलग्न भएको भन्दै अन्य तीन जनालाई समेत पक्राउ गरी प्रहरीले अनुन्धान थालेको थियो। पक्राउ परेका अन्य तीन जनाविरुद्ध पनि घटनास्थल पुगेको र इनिशालाई बचाउन भूमिका नखेलेको अभियोगमा कर्तव्य ज्यान सम्बन्धि मुद्दा चलाईएको छ। इनिशाका आफन्तले सामुहिक बलत्कारपछि हत्या भएको भन्दै विरोध जनाएपछि घटनाको अनुसन्धानमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) समेत खटिएको थियो।

प्रहरीले इनिशाको मृत्युको कारण पत्ता लगाउन उच्च प्रविधिको प्रयोग गरेको थियो। पीडित परिवारले घटनामा संलग्नहरु माथि कारवाही नहुन्जेल शव नबुझ्ने अडान लिएका छन्। १९ दिनयता इनिशाको शव कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र छ।

यता भेरी अस्पताल बाँकेका फरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यको टोलीले पनि प्रदेश अस्पताल सुर्खेतमा पुगेर गरेको पोस्टमार्टम रिपोर्टमा जबरजस्ती करणी गर्दा मृतकको संवेदनशील अङ्ग च्यातिएको र अत्यधिक रक्तश्राव हुँदा मृत्यु भएको बताएको थियो। रिपोर्टको व्याख्यामा जेनाइटल पार्टहरूमा चोटपटक लागेको भनिएको छ। त्यो भनेको यौनाङ्ग, भित्र हाइमनदेखि पाठेघरमा पनि चोट लागेको कारणले अत्यधिक रक्तश्राव भएको भनिएको छ।

इनिशाका परिवार तथा आफन्तहरूले सामूहिक बलात्कारपछि हत्या भएको भन्दै फागुन २४ गते अन्य तीनको नाममा निवेदन दिएका थिए। प्रहरीले तीन जना नाबालकलाई सोही दिन पक्राउ गऱ्यो। उनीहरू पनि सबै नाबालक नै हुन्। प्रहरीले उनीहरुविरुद्ध ज्यान सम्बन्धी कसुरमा मुद्दा चलाउने गरी प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरेको हो।

उनीहरूमाथि इनिशालाई समयमा अस्पताल पुर्याउन मद्दत नगरेको, समयमा प्रहरी र परिवारलाई खबर नगरेको भन्ने हिसाबले कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाउने भनिएको छ। तर यसबारे सरकारी वकिलको कार्यालय हुँदै अदालतले अन्तिम फैसला गर्नेछ।

प्रहरीका अनुसार अझै कतिपय प्राविधिक रिपोर्टहरू आउने बाँकी रहेको पनि छ। उक्त घटनामा अनुसन्धानका लागि सिआइबी, पोलिग्राफदेखि अन्य विज्ञ टोलीहरू सहभागी थिए। ती कतिपय रिपोर्टहरू अध्ययनका लागि बाहिरी देश समेत पठाउनुपर्ने देखिएको सुर्खेत प्रहरीले जनाएको छ। जसका कारण अनुसन्धान अझै बाँकी छ।

प्रतिनिधिसभाका नवनिर्वाचित सांसदको शपथ आज

काँक्रेविहार संवाददाता

काठमाडौं, ११ चैत

नव निर्वाचित ४७ जना सांसदले नेपाली बाहेकका भाषामा शपथ लिने तयारी गरेका छन्। ४७ सांसदले १७ वटा मातृभाषामा सपथ लिने तय भएको संसद् सचिवालयले जनाएको छ।

प्रतिनिधिभाका नव निर्वाचत २७४ जना सदस्यको शपथ ग्रहण आज हुँदैछ।

प्रतिनिधिसभाका सबैभन्दा ज्येष्ठ सदस्य कांग्रेस नेता अर्जुननरसिंह केसीले हिजो राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएपछि बाँकी २७४ सांसद्लाई केसीले नै आज शपथ गराउने छन्।

आज दिउँसो २ बजे केसीले २७४ सांसदलाई पद तथा गोपनीयताको शपथ गराउने संसद् सचिवालयले जनाएको छ।

संवैधानिक व्यवस्थाअनुसार



संघीय संसद्का प्रत्येक सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि शपथ लिनुपर्छ। मातृभाषामा पनि सांसदहरूले शपथ लिन पाउँछन्।

त्यसका लागि सचिवालयले तोकेको समयसीमाभित्र सम्बन्धित सांसदहरूले त्यसको जानकारी गराउनुपर्ने प्रावधान छ।

सोही अनुसार मातृभाषामा शपथ लिन चाहने सांसदहरूलाई त्यसको जानकारी दिन संसद् सचिवालयले सूचित गरेको थियो। जसअनुसार ४७ जना सांसदले नेपालीबाहेकको मातृभाषामा शपथ ग्रहण गर्ने जानकारी संसद् सचिवालयलाई गराएका संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए।

श्रम संस्कृति पार्टीका ७ जना सांसदले चारवटा मातृ भाषामा शपथ लिने तयारी गरेका छन्। अध्यक्ष हर्क सामपाङले भने नेपाली भाषामै शपथ लिने सो पार्टीले जनाएको छ।

श्रम संस्कृतिका ७ सांसदले लिँदैछन् ४ भाषामा शपथ

नेपाल भाषामा शपथ लिन अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुसुम महर्जन, कृपा महर्जन, गंगालक्ष्मी अवाल, मदनकृष्ण श्रेष्ठ, रुकेश रन्जित, विराजभक्त श्रेष्ठ, सहजान खातुनले निवेदन दिएका संसद् सचिवालयले जनाएको छ।

त्यसैगरि आकृति अवस्थी, दीपकराज बोहरा र हरिनादेवी कामीले डोटेली भाषामा शपथ लिने तयारी गरेका छन्।

त्यसैगरि अंकिता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, कामिनी कुमारी, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्र साह कलवार, निशा मेहता, मनीष झा, मातृकाप्रसाद यादव, रामजी यादव, सीताराम साह, शम्भुकुमार यादव र जोगकुमार बरबरिया यादवले मैथिली बाँकी पृष्ठ ४

संसदको नयाँ भवनः प्रत्येक सांसदलाई कार्यकक्ष, सचिवालयदेखि समितिका कार्यालयसम्म

काँक्रेविहार संवाददाता

काठमाडौं, ११ चैत

प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यलाई बिहीबार शपथको तयारी भइरहेको नयाँ संसद भवनभित्र प्रत्येक सांसदलाई एक-एक वटा निजी कार्यकक्ष दिने तयारी छ।

यसअघि राजनीतिक दल र स्वतन्त्र सांसदलाई संसदीय दलको कार्यालयबाहेकका सुविधा थिएन।

संसद सचिवालयका सचिव डा.रोजनाथ पाण्डेका अनुसार प्रत्येक सांसदलाई कार्यकक्ष दिने कुरा कम्तिमा ६ महिनादेखि धेरैमा एक वर्षसम्म लाग्नेछ।

टुण्डी कन्ट्रक्सन कम्पनीले निर्माण गरिरहेको उक्त भवन संसद सचिवालयलाई हस्तान्तरण



गरेपछि सो व्यवस्था लागु हुने भएको हो।

अहिले शपथ र अधिवेशन आयोजनाका लागि भवनभित्रैको बहुउद्देश्यीय हल मात्रै तयार रहेको उनले बताए। निर्माण सम्पन्न भएर ठेक्का पाएको कम्पनीले भवन हस्तान्तरण गरेपछि संसद सचिवालयको कार्यालय, विभिन्न संसदीय समिति र संसदीय दलका कार्यालय पनि नयाँ भवन हाताभित्रै रहने भएको छ।

'माननीय सदस्यहरुले झोला, कागजपत्र बिसाउने, ल्यापटप चलाउने र सानोतिनो भेटघाट गर्नसक्ने एक(एक कोठा पाउनुहुन्छ ', सचिव पाण्डेले बताए।

यद्यपि भवन पूर्णतः तयार नभएको अवस्थामा तत्काल ती उपलब्धता सम्भव छैन।

तर, अहिले त्यहाँ सामान्य चमेना गृह (क्यान्टिन) पनि चलाउने अवस्था छैन। किनभने, कोठाहरु फिनिसिङ नै भएका छैनन्। 'वर्षे अधिवेशनभरि दुःख होला, त्यसपछि व्यवस्थापन हुँदै जान्छ', उनले भने।

अहिलेसम्म राजनीतिक दलका संसदीय कार्यालय, संसदीय समितिका कार्यालय र बैठकस्थल विभिन्न भवन र कार्यालयमा व्यवस्थापन हुँदै आएको छ।

संसदीय समितिका बैठक पुरानो संसद सचिवालय रहेको ' काठ घर' मा हुँदै आएको छ। नयाँ भवन पूर्णतः तयार भएपछि सम्पूर्ण संसदीय गतिविधि त्यहींबाट हुने पाण्डेले बताए।

सम्पादकीय

स्वास्थ्य सेवामा लापरवाही नगर

कर्णाली र सुदूरपश्चिमका दुर्गम बस्तीहरूबाट आइरहेका मातृ तथा शिशु मृत्युका खबरहरू अब केवल 'दुःखद घटना' मात्र रहेनन् । यी र यस्ता खबर राज्यको स्वास्थ्य प्रणालीमाथि उठेका गम्भीर प्रश्न पनि हुन् । एक साताभित्रै हवाई उद्धार गरिएका दुई सुत्केरी आमाको मृत्यु हुनु संयोग होइन, प्रणालीगत कमजोरीको प्रत्यक्ष संकेत हो । बाजुराकी सुरता रोकाया र जुम्लाकी अस्मिता नेपाली यी नामहरू अब तथ्यांकका अंक मात्र होइनन्, उनीहरू हाम्रो स्वास्थ्य सेवाको विफलताको प्रतीक बनेका छन् । दुर्गम गाउँबाट ज्यान जोखिममा पारेर हेलिकोप्टरमार्फत अस्पताल पुऱ्याइए पनि अन्ततः आमा र शिशुको ज्यान जोगिन नसक्नुले अस्पतालसम्मको पहुँच पर्याप्त नभएको स्पष्ट सन्देश दिएको छ । भने गुणस्तरीय स्वास्थ्य सेवा र समयमै उपचार अझै टाढाको कुरा छ । दुर्गम क्षेत्रका स्वास्थ्यचौकीहरू अझै पनि आधारभूत सेवा दिन संघर्षरत छन् । विशेषज्ञ चिकित्सक, आवश्यक उपकरण र आपतकालीन प्रसूति सेवाको अभावले गर्दा गर्भवती महिलाहरू अन्तिम अवस्थामा मात्रै ठूला अस्पतालतर्फ रिफर गरिन्छन् । जब बिरामी अत्यन्त जटिल अवस्थामा पुग्छ, त्यसबेला हवाई उद्धार पनि केवल औपचारिकता बन्ने खतरा बढ्छ ।

सरकारले 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' अन्तर्गत निःशुल्क हवाई उद्धारको व्यवस्था गरेको छ, जुन निस्सन्देह सकारात्मक पहल हो । तर उद्धारको संख्या बढ्नु मात्र उपलब्धि होइन । उद्धारपछि ज्यान जोगिनु नै वास्तविक सफलता हो । यदि उद्धारपछि पनि आमाहरूको मृत्यु भइरहन्छ भने, कार्यक्रमको प्रभावकारितामाथि पुनर्विचार आवश्यक छ । समस्या केवल दुर्गम भूगोलमा सीमित छैन, अस्पतालभित्रको अवस्था पनि उस्तै चिन्ताजनक छ । प्रदेशस्तरीय अस्पतालहरूमा समेत विशेषज्ञ जनशक्ति, सघन उपचार कक्ष, रगत तथा अत्याधुनिक उपकरणको अभाव हुनु अस्वीकार्य हो । प्रि-हस्पिटल केयर कमजोर हुँदा बिरामीको अवस्था बाटोमै बिग्रिनु अर्को गम्भीर पाटो हो, जसलाई नीतिगत रूपमा सम्बोधन गर्न ढिलाइ भइसकेको छ । अझ दुःखद कुरा के छ भने, धेरै अवस्थामा जोखिमबारे पूर्वपरामर्शको अभाव र सामाजिक दबाबले जटिल स्वास्थ्य अवस्था भएका महिलालाई पनि गर्भधारण गर्न बाध्य बनाइरहेको छ । यसले स्वास्थ्य प्रणालीसँगै सामाजिक चेतनाको कमीलाई पनि उजागर गर्छ । कति आमाहरूको ज्यान गुमेपछि सरकारी स्वास्थ्य सेवा प्रणाली सचेत हुन्छ ? र कति शिशुहरू आमाको मायाबाट वञ्चित भएपछि नीति निर्माणकर्ताहरू जाग्छन भन्ने पनि अब प्रश्न उठ्न सुरू भएको छ ।

'दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि हवाई उद्धारका लागि कार्यविधि २०७५' पनि कार्यान्वयनमा आएको छ । हवाई उद्धार गरी सुविधासम्पन्न अस्पतालसम्म ल्याइएकी ज्यान जोखिममा परेकी महिलाको सुत्केरी पोषण स्याहार तथा यातायात सहयोगका लागि एकमुष्ट २० हजार उपलब्ध गराउँदै आइएको छ । यस्तै पोषण स्याहार तथा यातायात सहयोग रकम प्राप्त गरेका गर्भवती तथा सुत्केरी महिलालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त हुने सोही बमोजिमको खर्च दोहोरो पर्ने गरी प्राप्त नहुने व्यवस्था छ । तर स्थानीय तहमै गुणस्तरीय प्रसूति सेवा विस्तार, दक्ष जनशक्ति व्यवस्थापन, समयमै जोखिम पहिचान र प्रभावकारी रेफरल प्रणाली निर्माण नगरेसम्म यस्तो अवस्था नबदलिने जानकारहरू बताउँछन् । त्यसैले हवाई उद्धारलाई अन्तिम उपाय होइन, पूरक सेवाको रूपमा मात्रै हेर्नुपर्ने समय आएको छ । स्वास्थ्य सेवा कुनै विलासिता होइन, यो नागरिकको आधारभूत अधिकार हो । दुर्गमका नागरिकले पनि सुरक्षित मातृत्वको अधिकार समान रूपमा पाउनुपर्छ । राज्यले यो जिम्मेवारीबाट पन्छिन मिल्दैन । त्यसैले स्वास्थ्य सेवामा लापरवाही नगर । किनकी अब पनि सुधार नगर्ने हो भने, यस्ता वियोगान्त घटनाहरू दोहोरिरहनेछन् ।

३५ वर्षमा चार मौका गए खेर, पाँचौँ अवसर रास्वपालाई



✍ गोविन्द परियार

झण्डै दुई तिहाइको सरकारको नेतृत्व गर्न लागेका 'प्राइम मिनिस्टर इन वेटिङ' बालेन्द्र शाहका सामु मुलुक बनाउने एउटा अभूतपूर्व अवसर आएको छ । पछिल्लो तीन वर्षमा नेपाली जनजनमा बालेनको ब्रान्डिङले एउटा आशा जगाएको छ । जनतामा देखिएको त्यो आशा नै गत फागुन २१ गते मतपत्रमा व्यक्त भएको हो ।

कम बोल्ने, धेरै दोहोरो छलफल गर्न नरुचाउने र हक्की स्वभावका बालेनलाई प्रधानमन्त्रीको कुर्सी यस पटक चुनौतीभन्दा बढी अवसर हो । नेपाली राजनीतिमा धेरै बोल्ने, धेरैसँग छलफल र परामर्श गर्नेभन्दा पनि निश्चित क्षेत्रको आमूल परिवर्तनका लागि एकोहोरो काम गर्ने व्यक्तिको खाँचो छ । विगत तीन दशकको अभ्यासले 'गफ गर्ने होइन, काम गर्ने' प्रधानमन्त्रीको आवश्यकता देखाएको छ ।

पछिल्लो समय आम जनतामा विशेष गरेर विगतमा पटक-पटक सरकारमा रहेको नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी लगायतका दलहरूप्रति निराशा बढ्नुको मुख्य कारण ' माइक्रो' स्तरमा भएको दलीयकरण नै हो ।

वडा-वडामा गठन हुने उपभोक्ता समितिदेखि सिंहदरबारका कर्मचारीहरूमा हुने दलीय विभाजनले हाम्रो सार्वजनिक प्रशासन प्रभावकारी र समान न्यायको आधारमा चल्न नसकेको स्पष्टै छ । २०४६ सालको प्रजातन्त्र बहालीपछिको पछिल्लो तीन दशकमा जनजनमा देखिएको राजनीतिक कित्ताकाट हाम्रो चुस्त शासनको एउटा प्रमुख बाधक हो भन्नेमा म प्रस्ट छु । बालेनले प्रधानमन्त्रीको रूपमा सिंहदरबार प्रवेश गर्नुअघि २०४६ पछि हामीले अँगालेका सरकारी सेवाको विधि, प्रक्रिया, सार्वजनिक प्रशासन, विकासका मोडल, सरकारी काम गर्ने तौरतरिका लगायतका समग्र विषयमा गम्भीर समीक्षा गर्न आवश्यक छ । बालेनलाई सिंहदरबारमा प्रधानमन्त्रीको एउटा फोटो मात्रै टाँस्ने छुट छैन । जेनजी आन्दोलन र फागुन २१ गतेको मतादेशलाई बालेनले गम्भीर भएर लिनुपर्छ ।

स्वतन्त्र रूपमा काठमाडौँको मेयर जितेर झण्डै तीन वर्ष महानगर हाँकेको अनुभव लिएका बालेनलाई यस पटक दलीय दबाबको दण्ड लाग्दैन । किनकि उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पछाडि छैनन्, उनले पछि लगाएका छन् । त्यसैले बालेनको दल राष्ट्रिय स्वतन्त्र पार्टीले पनि उनको काममा दलीय हस्तक्षेप गर्ने हिम्मत गर्दैन । त्यसैले यो बालेनका लागि राम्रो सुविधा सहितको अवसर हो ।

२०४८ पछि मुलुकले चार पटक यस्तै राम्रा अवसर पाएर पनि गुमाएको छ ।

पहिलो अवसर २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पाएका थिए । जतिबेला नेपाली कांग्रेसको बहुमतको सरकार थियो । प्रजातन्त्र बहालीपछि मुलुक नयाँ जोस र जाँगरका साथ अघि बढेको थियो । कर्मचारी प्रशासन पनि सरकारलाई पूर्ण सहयोग गर्ने अवस्थामा थियो । राज्यका निकायहरू प्रजातन्त्र बहालीपछि बहुमत सहित आएको तत्कालीन सरकारलाई सफल बनाउनेमा थिए । तर, तत्कालीन कांग्रेसभित्रको आन्तरिक शक्ति संघर्ष व्यवस्थापन गर्न नसक्दा आन्तरिक किचलोकै कारण तीन वर्ष पनि नपुग्दै मध्यावधि निर्वाचनको घोषणा भयो । जनताको स्थायी सरकार र त्यसले गर्ने ठूलो सुधारको आशा त्यहीँ अन्त्य भयो । त्यसपछिका अस्थिर सरकारको बिउ नै रोपियो ।

दोस्रो अवसर शासन आफ्ना हातमा लिँदा तत्कालीन राजा ज्ञानेन्द्रले २०५८ सालमा पाएका थिए । २०५१ पछिका राजनीतिका अनेक चलखेल, माओवादीको जनयुद्ध लगायतले आक्रान्त भएका जनतामा राजाले मुलुक बनाउने गरी अघि बढ्छन् कि भन्ने आशा थियो । तर उनले आफ्नो मन्त्रिपरिषदमा राखेका व्यक्तिहरूको अनुहार हेर्ने बित्तिकै जनताको आशा डगमगाएको थियो । राजालाई पूर्ण सहयोग गर्न तयार देखिएको कर्मचारीतन्त्र मन्त्रिपरिषदको बनोट हेरेर पछाडि फर्किएको थियो । तेस्रो अवसर २०६४ सालमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पाएका थिए । बृहत् शान्ति सम्झौता गरेर शान्तिपूर्ण राजनीतिमा आएको माओवादीको सरकारले केही त गर्छ भन्ने आम जनतामा ठूलो भरोसा थियो । जनयुद्धबाट सत्तामा आएको माओवादी सामु त्यतिबेला राज्यका सबै निकाय त्रस्त हुँदै सरकारलाई सहयोग गर्ने मुडमा थिए । कर्मचारीतन्त्र पनि विगतमा माओवादीले उठाएको जनताको माग अनुसार काम गर्न तयार थियो । तर, माओवादीले मुलुक बनाउने भन्दा पनि माओवादी नेताहरूका निजी स्वार्थ पूरा गर्नेतर्फ अघि बढेर त्यो आशा पनि निराशामा बदलेको थियो । माओवादीले पाएको राम्रो अवसर यत्तिकै खेर गयो । चौथो अवसर २०७४ सालमा एमाले र माओवादी मिलेर बनेको नेकपा अध्यक्ष केपी शर्मा ओलीले पाएका थिए । झण्डै दुई तिहाइ बहुमत सहितको कम्युनिस्ट सरकारको प्रधानमन्त्री बनेका ओलीलाई कर्मचारीतन्त्रको पनि बलियो साथ थियो । तर उनले आफ्नो जनमत सहितको 'स्ट्रेन्थ' मुलुक बनाउनेमा भन्दा पनि आफ्नो 'इगो' साध्नेमा खर्च गरे । जसको परिणाम पार्टी विभाजनसम्म पुग्यो । त्यो अवसर पनि खेर गयो ।

२०४६ पछि अहिले बालेनलाई आएको यो मुलुकका लागि पाँचौँ अवसर हो । जेनजी आन्दोलनको भावना र दलहरूप्रतिको वितृष्णाले सिर्जना भएको यो अभूतपूर्व जनमत सहितको अवसर बालेनले कसरी सदुपयोग गर्छन् त्यो हेर्न बाँकी छ । तर बालेन सरकारले गर्ने कामले नै रास्वपाको भविष्य पनि निर्धारण गर्नेछ ।

अहिले रास्वपाको पक्षमा आएको जनलहर उसको एजेन्डा मन पराएर वा उम्मेदवार मन पराएर आएको होइन । २०४६ पछि सत्तामा रहेका कांग्रेस, एमाले र माओवादी लगायतका दलप्रति भरोसा टुटेर त्यसको आक्रोशमा देखिएको लहर हो । ठूला दलहरूप्रतिको आक्रोश र अविश्वासका बीच बालेनले केही गर्छ कि भन्ने आशाले रास्वपाले भारी जनमत पाएको हो । यो जनमतको उपेक्षा गर्दै सस्तो लोकप्रियता र प्रतिशोधी राजनीति बालेनले सुरु गरे भने रास्वपाको यो नै पहिलो र अन्तिम सरकार हुन पनि सक्छ ।

नवनिर्वाचित आफ्ना सांसदहरूको परिचयात्मक तथा अभिमुखीकरण कार्यक्रममा रास्वपा सभापति रवि लामिछानेको सम्बोधन निकै जिम्मेवार थियो । धेरैले अपेक्षा गरेभन्दा फरक ढंगबाट उनी प्रस्तुत भएका थिए । यसले उनमा जनमतको जिम्मेवारीबोध भएको अनुमान गर्न सकिन्छ । त्यस्तै बोध बालेन र रास्वपा पार्टीभित्र हुन जरुरी छ ।

यो अभूतपूर्व जनमतलाई बालेनले कुन रूपमा लिएका छन् भन्ने कुरा प्रधानमन्त्री हुनुभन्दा अघि नै सार्वजनिक हुनुपर्छ र जनतालाई भरोसा दिलाउन सक्नुपर्छ ।

सफल राजनीतिज्ञले जनतामा आशा र भरोसा दिलाउने हो । प्रधानमन्त्री हुने बित्तिकै रामराज्य हुने, एकाएक हाम्रो प्रणाली सुधारिने होइन । तर, जनतालाई आशा र भरोसा भने नेतृत्वले दिलाउन सक्नुपर्छ । बालेनले पाएको यो अभूतपूर्व अवसरलाई सदुपयोग गर्छन् कि खेर जान्छ अहिल्यै भन्न सकिँदैन । तर उनले विगतको राजनीतिक इतिहास पनि हेरेर यो अवसर सदुपयोग गर्नै पर्छ । उनले मुलुकमा एउटा असल शासनको थिति मात्रै बसाउन सके भने पनि मुलुकको भविष्य समुन्नतितर्फ अघि बढ्ने छ ।

कर्मचारीतन्त्रमा रूपान्तरण र पुस्तान्तरण

सबैभन्दा पहिला सुधार गर्नुपर्ने क्षेत्र स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्रमै हो । हामी लामो समयदेखि परम्परागत कर्मचारीतन्त्रमा छौँ । कर्मचारीहरूको नियुक्ति, तालिम, सरुवा-बढुवा लगायत वृत्ति विकासमा अब पुनरवलोकन गर्ने समय भएको छ । हामीले अवलम्बन गरेको विधि परिवर्तन गर्नुपर्ने समय आइसकेको छ । त्यसैले बालेनले सबैभन्दा पहिला गर्नैपर्ने काम भनेको निजामती सेवाभित्रको आमूल सुधार हो ।

कर्मचारीतन्त्रको चरित्र हाकिमबाट सेवकमा रूपान्तरण गर्नुपर्छ । सिंहदरबारमा बन्ने नीतिगत सुधारका ठेलीले होइन, जनताले दैनिक धाउनुपर्ने मालपोत, नागरिकता, पासपोर्ट, कर लगायतको सेवा दिने कार्यालयमा हुने सुधारले मात्रै परिवर्तनको अनुभूति हुने हो ।

एउटा यस्तै सानो कार्यालयमा हुने सुधारका आधारमा जनताले बालेन सरकारलाई सफलता र असफलताको नम्बर दिने हुन् । निजामती प्रशासनलाई हाकिमी ढर्राबाट सेवकको रूपमा एउटा मानक बसाउन आवश्यक छ । यसका लागि कर्मचारीहरूलाई त्यही रूपमा ओरिएन्टेसन वा तालिमको आवश्यकता छ । जसरी राजनीतिमा रूपान्तरण र पुस्तान्तरणको कुरा उठिरहेको छ, त्यसैगरी कर्मचारीतन्त्रमा पनि यो विषयले ठाउँ पाउनुपर्छ । कर्मचारीतन्त्रभित्र जेनजी पुस्ताको भावना बुझ्नेदेखि प्रौढहरूको अनुभव सुन्ने सबै पुस्ता अटाउनेगरी रूपान्तरण आवश्यक छ । निजामती कर्मचारीको भर्ना, तालिम, कार्ययोजनादेखि सरकारी टिप्पणी, आदेश र सदर-बदर गर्ने परम्परागत प्रणालीमा सुधार गरेर छिटो, छरितो र चुस्त सेवा दिनेगरी कर्मचारीतन्त्रको रूपान्तरण आवश्यक छ । सम्भवतः बालेनले काठमाडौँ महानगरपालिकाको मेयरको रूपमा काम गर्दा हाम्रो कर्मचारीतन्त्र कति प्रभावकारी छ या निष्प्रभावी छ भन्ने बुझिसकेका छन् ।

लोकप्रियतावादी होइन, सन्तुलित कूटनीति

मध्यपूर्वको युद्धले विश्वमै ल्याउन सक्ने आर्थिक मन्दीको असर नेपालमा पनि पर्नेछ । मध्यपूर्वका देशहरू नेपालको प्रमुख श्रम गन्तव्य पनि हुन् । उनीहरूको रोजगारी खोसिने र अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको रेमिटेन्समा प्रभाव पर्ने सम्भावना छ । यसलाई सन्तुलित कूटनीति मार्फत कसरी सहजीकरण गर्ने भन्ने विषय बालेन सरकारको महत्वपूर्ण काम हो ।

अन्तर्राष्ट्रिय सम्बन्धमा तलमाथि हुँदा त्यसको दीर्घकालीन असर पर्न सक्छ । विगतमा हामीले अवलम्बन गरेको असंलग्न परराष्ट्र नीतिमा बालेन सरकार अडिग रहन्छ कि कतै ढल्किन्छ भन्नेले पनि नेपालको समग्र विकासमा ठूलो अर्थ राख्दछ । त्यसैले कूटनीतिमा लोकप्रियतावादी होइन, परिपक्वता बालेनले देखाउन सक्नुपर्छ । सानो गल्तीले पुस्तौँ पछुताउनेगरी अन्तर्राष्ट्रिय सम्बन्धमा कुनै पनि किसिमको पक्षधरता लिन हुँदैन । विकास-निर्माणको मोडालिटीमा परिवर्तन जनताले सधैँ गुनासो गर्ने भनेको हाम्रो विकास-निर्माणको मोडालिटी पनि हो ।

(गोविन्द परियार हार्वर्ड विश्वविद्यालयको इमर्जिङ लिडर कार्यक्रम २०२५ का फेलो हुन्)

रविको मैदानमा बालेनको बलिङ



✍ संकेत कोइराला

चुनावी दौडाहामा रहँदा रवि लामिछाने र बालेनलाई विभिन्न ठाउँमा कुचो उपहार दिएको दृश्य देखियो । शासकीय प्रणालीभित्र रहेका ऐँजेरु र फोहोर बढार्न सचेत मतदाताले प्रतिकात्मक रुपमा कुचो उपहार दिएको बुझ्न कठिन छैन । पदमा पुग्ने क्रममा धेरैका जीवनकथा रोचक हुने गर्छन् । कलाकार पृष्ठभूमिबाट युक्रेनी राष्ट्रपति बन्न सफल भोलोदिमिर जेलेन्स्कीले शपथ ग्रहणलगत्तै सरकारी अधिकारीलाई निर्देशन दिँदै भनेका थिए- 'कार्यकक्षमा मेरो नभएर आफ्ना सन्तानको फोटो राख्नुस् । यसले तपाईंलाई अर्को पुस्ताको लागि इमानसाथ योजना बनाउन मद्दत गर्नेछ ।'

पदारोहणताका असल नियत राखेको देखिएका जेलेन्स्की देशकै लागि अन्ततः शिखण्डी पात्रमा अनुवाद भए । युद्धको लाभाले देश निल्दा जेलेन्स्कीको आगमनसँगै समृद्धिको सपना देखेका युक्रेनी जनता मृत्युको प्रलयबाट आजित भए । सुन फल्ने देश खरानी भयो । हजारौँ निहत्था शिशु र निर्दोष नागरिक युद्धको लाभामा परेर सत्यानास भए । युरोप-अमेरिकी चालबाजीको पपेड जेलेन्स्की हारेको जुवाडेजस्तो भएर दिन काटिरहेका छन् । उनको त्यो अभिव्यक्ति आफ्नै लागि आत्मघाती ठहरियो ।

आजभन्दा आठ दशकअघि अमेरिकी राष्ट्रपति आइजनहावरले पद सम्हालेपछि उनका नाममा असंख्य उपहार र शुभकामना आइरहे । शुभकामनाको भिडमा एउटा बुट्टेदार सुन्दर कुचो पनि थियो, जुन कुचोलाई आइजनहावरले आफ्नो कार्यकक्षको अघिल्तिर राखेका थिए । अमेरिका भ्रमणमा आउने राष्ट्राध्यक्षले कुचोप्रति जिज्ञासा राख्दा मुस्कुराउँदै चुनावमा आफू विजय भएपश्चात एक मतदाताले उपहारस्वरुप उक्त कुचो पठाएको रहस्य सार्वजनिक गरे ।

कुचो पठाउने सज्जनले कुचो उपहार पठाउनुको औचित्य पुष्टि गर्दै लेखेका थिए- 'तपाईंले चुनावी भाषणमा आफू राष्ट्रपति भए प्रशासनमा भएका सारा घुसखोरी र भ्रष्टाचारीलाई सफाई गर्ने संकल्प गर्नुभएको थियो । मलाई विश्वास छ- यो उपहारले सदा तपाईंलाई आफ्नो वचनको सम्झना गराउने छ ।' आइजनहावरले भन्थे- 'कुचो उपहार पठाउनेवाला सज्जनका यी शब्दहरु मलाई अति प्रेरणास्पद छन् । यसैले मैले कुचोलाई सर्वश्रेष्ठ उपहार सम्झेर सधैँ आफ्नो अघिल्तिर राखेको हुँ ।'

नेपालमा अहिले पेशागत धर्मको समस्या हो । राजनीति गर्नेले राज बोके, नीति छोडे । अरु सबै पेशाका मानिसका लागि राजनीति कमाउधन्दाको आकर्षक प्लेटफर्म बनिदिँदा यसको मूलमर्ममै अनास्था व्यापक बन्दै गयो ।

अमेरिकी जनताबाट कुचो उपहार पाएका राष्ट्रपति आइजनहावरसँग नेपालको एउटा रोचक प्रसंग जोडिन्छ । राष्ट्रपति आइजनआवरका लागि सन् १९५८ नेपालले दुईवटा कुकुर उपहार पठाएको थियो । उनको सेक्रेटरीमार्फत कुकुरका लागि आग्रह आएको थियो । अमेरिकी राष्ट्रपतिका लागि नेपालले दुईवटा छाउरी र एउटा छाउरो 'हिमाली भोटेकुकुर' उपहार स्वरुप पठाएको विषय अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका लागि हटकेक बनेको थियो ।

अमेरिकामा तिनको नाम भोटे र कान्छी राखियो । नेपालले जनावरका माध्यमबाट कूटनीतिक अझ बन्दिलो बनाउने प्रयासको यो नै पहिलो कडी थियो । कालान्तरमा हात्ती र गैँडा पठाउने चलन अझ विकसित बनेर आएको देखिन्छ ।

नेपालमा अहिले पेशागत धर्मको समस्या हो । राजनीति गर्नेले राज बोके, नीति छोडे । अरु सबै पेशाका मानिसका लागि राजनीति कमाउधन्दाको आकर्षक प्लेटफर्म बनिदिँदा यसको मूलमर्ममै अनास्था व्यापक बन्दै गयो । हो, भावी प्रधानमन्त्री बालेन्द्र शाहले प्राप्त गरेको जनउभार त्यसैको शुद्धीकरणका लागि हो । निर्दलीय चरित्रबाट राजनीतिमा प्रवेश गरेका उनका लागि बहुलवाद प्रयोगशाला हो । राष्ट्रिय स्वतन्त्र पार्टी करारी मैदान हो । कार्यकारीमा रहँदा पाउने लोकप्रियताको मानकले त्यो पार्टीसँगको साइनो निर्धारण गर्नेछ । राजनीतिक सफलताका लागि लिक्वान, महाथिर मोहम्मद पढ्नै पर्दैन । हाम्रै इतिहासका पात्र जीवन्त र प्रेरणादायी छन् ।

उमेर र काम हेर्ने हो भने अन्यत्र किन जानु ? २९ वर्षमा प्रधानमन्त्री बनेका जंगबहादुरलाई नियाल्दा पुग्छ । बालेनले आफैँ प्रमुख रहेको संरचनाका निर्माताको अनुहार आँखा चिम्म गरेर सम्झदा सबै दृश्य आँखा अगाडि आउँछ ।

१६ औँ शताब्दीमै कान्तिपुरे राजा महिन्द्र मल्ल, जो जनताले खाएको खबर आएपछि बल्ल आफ्नो चुल्हो बाल्थे । जनतालाई सुख, शान्ति, न्याय र सुरक्षा दिनुलाई राज कर्तव्य सम्झन्थे । उनका लागि हरेक नागरिक परिवारको सदस्य थियो । जनता मरेको समाचार सुन्नासाथ छाक छोड्थे । जनताप्रति समर्पित ब्रतका कारण उनी हप्तौँसम्म भोको रहन्थे । राजधर्मको यही प्रतापले इतिहासमा कीर्तिमानी बने ।

पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्दा बिसे नगर्चीसम्मलाई समेटर सबैको स्वामित्व आर्जन गरे । उमेर र काम हेर्ने हो भने अन्यत्र किन जानु ? २९ वर्षमा प्रधानमन्त्री बनेका जंगबहादुरलाई नियाल्दा पुग्छ । बालेनले आफैँ प्रमुख रहेको संरचनाका निर्माताको अनुहार आँखा चिम्म गरेर सम्झदा सबै दृश्य आँखा अगाडि आउँछ । सिंहदरबारभित्रको कर्मचारी प्रशासनलाई अनुशासित राख्ने मुख्यसचिव चन्द्रबहादुर थापाको 'चन्द्रघण्टी', दक्षिण एशिया टुकी युगमा रहँदा १९६८ मा फर्पिङमा चन्द्रज्योति विद्युत गृह निर्माण गर्ने चन्द्रशमशेर, जनताका लागि उपचार सेवा दिन अस्पताल खोल्ने वीरशमशेरजस्ता पात्र सम्झिए पुग्छ ।

राम्रा कामका लागि हरेक समय शुभसाइत हो । पहिलो मन्त्रिपरिषद् बैठकमा आफ्नो पारिश्रमिक घटाएर बीपीले जनतामा सकारात्मक सन्देश प्रवाह गरेका थिए । आफ्नो सरकारको आलोचना गर्न कम्युनिष्ट पृष्ठभूमिका पत्रकार मदनमणि दीक्षितको समीक्षा पत्रिका दर्ता गर्न र चलाउन आर्थिक पाटो हेरिदिएका थिए । ०७ सालको क्रान्तिपछि २३ वर्षका भरतमणि शर्मालाई कृषिमन्त्री बनाएर युवालाई राजनीतिमा प्रेरणा दिएका थिए । नेतृत्व परिवर्तनले नभएर दृढ राजनीतिक इच्छाशक्ति र जनतासँगको प्रत्यक्ष संवादबाट मात्र देशले काया फेर्छ ।

कम उमेरको मानिस कुर्सीमा जाँदैमा त्यो कुर्सीको शोभा बढ्ने होइन । कुर्सीको गरिमा त्यहाँ बस्ने मानिसको आचरणले बढ्ने हो ।

देश बनाउनु बनेको व्यक्तिप्रधान राजनीतिलाई नीतिप्रधान बनाउनु हो । प्रणालीप्रति जनताको कम गुनासो आउने वातावरण बनाउनु सुशासन हो । बालेन्द्र शाह जनताको व्यवस्थापकीय जिम्मेवारी सम्हाल्ने त्यही कुर्सीमा जाँदैछन् । कम उमेरको मानिस कुर्सीमा जाँदैमा त्यो कुर्सीको शोभा बढ्ने होइन । कुर्सीको गरिमा त्यहाँ बस्ने मानिसको आचरणले बढ्ने हो । राजनीति र प्रणाली शुद्धीकरणका लागि यो स्वर्णिम अवसर हो । सबैभन्दा बढी मत ल्याउने राजनीतिक दल प्रतिपक्षमा बस्ने, साइँलो मत ल्याउने दल सरकारको मुखिया बन्ने यसअघिका लाज लजाउने संसदीय कथित अभ्यासलाई सभ्यता सिकाउने इन्जिनीयरिङको साँचो बालेनलाई दिएका छन् । उनलाई सफल बनाउन सबैको सकारात्मक धक्का आवश्यक छ । अहिले थिति बसेन भने कहिल्यै बस्दैन ।

चलन के थियो भन्दा पनि के चलाउने भन्ने महत्त्वपूर्ण हो । किताबको पानामा भएको इमानले खासै अर्थ राख्दैन । समस्या नियम, कानुनमा नभई नियतमा रहेछ भन्ने त पटकपटक प्रमाणित भएका छन् । २०७० सालमा खिलराज रेग्मी र २०८२ सुशीला कार्की नेतृत्वको गैरदलीय सरकारले गराएको इज्जतिलो चुनाव राजनीतिक दलका लागि गतिलो झापड हो । बुथ लुट्ने, तरबार बोक्ने, खेलोफड्कोका लागि कार्यकर्ता उक्साउने कामका रणनीतिकार स्वयं दल रहेछन् भन्ने यी दुई पनि साइलेन्ट चुनावबाट पुष्टि हुन्छ ।

कोटवाडा स्वास्थ्य चौकी पोषणमैत्री घोषणा

काँक्रेविहार संवाददाता
कालिकोट, ११ चैत

कालिकोटको नरहरिनाथ गाउँपालिका-१ स्थित कोटवाडा स्वास्थ्य चौकीलाई जिल्लाकै पहिलो पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ। 'स्वस्थ, सुखी र समृद्ध परिवार' भन्ने मूल नारासहित उक्त स्वास्थ्य संस्थालाई औपचारिक रूपमा पोषणमैत्री घोषणा गरिएको हो।

स्थानीय स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष जगतबहादुर विष्टको अध्यक्षतामा आयोजित कार्यक्रममा गाउँपालिका उपाध्यक्ष कमलकुमार शाहसहित विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सोही अवसरमा कोटवाडा क्षेत्रलाई कुपोषणमुक्त गाउँसमेत घोषणा गरिएको छ। स्वास्थ्य चौकी इन्चार्ज सुशीला विष्टका अनुसार पोषणमैत्री घोषणाका १६ सूचकमध्ये १५ सूचकमा ९० प्रतिशतभन्दा बढी प्रगति हासिल भएपछि यो उपलब्धि सम्भव भएको हो।

सेवा क्षेत्रमा कुपोषणको अवस्था शून्यमा झारिएको र यसको दिगोपनाका लागि निरन्तर सहकार्य आवश्यक रहेको उनले बताए। प्लान इन्टरनेशनल र किर्डाक नेपालको सहकार्यमा सञ्चालित 'सशक्त बालिका परियोजना' अन्तर्गत समुदायस्तरमा पोषणसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। स्वास्थ्य सेवा कार्यालय र गाउँपालिकाको अनुगमनपछि सबै आवश्यक सूचक पूरा भएको पुष्टि भएपछि पोषणमैत्री घोषणा गरिएको हो। स्वास्थ्य शाखा प्रमुख मानवबहादुर सहकारीका अनुसार केही वर्षअघिसम्म ३ प्रतिशत रहेको कुपोषण अहिले पूर्ण रूपमा अन्त्य गरिएको छ।

स्तनपान प्रवर्द्धन, नियमित गर्भजाँच, सन्तुलित आहार र कुपोषित बालबालिकाको उपचारजस्ता कार्यक्रम प्रभावकारी बनेपछि यस्तो उपलब्धि हासिल भएको हो। पोषण सूचकअनुसार अधिकांश गर्भवती महिलाले नियमित गर्भजाँच गराएका छन् र आइरन चक्की सेवन गरेका छन्। सबै प्रसूति स्वास्थ्य संस्थामै भएको र नवजात शिशुलाई जन्मेको एक घण्टाभित्र स्तनपान गराइएको तथ्यांकले देखाएको छ। बालबालिकामा भिटामिन 'ए', जुकाको औषधि, खोप तथा वृद्धि अनुगमन पनि प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

गाउँपालिका उपाध्यक्ष कमलकुमार शाहले यस उपलब्धिलाई गौरवको विषय भन्दै आगामी दिनमा यसको दिगोपनाका लागि आवश्यक बजेट र कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाए। वडाध्यक्ष जगतबहादुर विष्टले पनि पोषणमैत्री अवस्थालाई कायम राख्न कृषि र पशुपालनमा विशेष ध्यान दिने बताए।

कार्यक्रममा पोषणसम्बन्धी सन्देश फैलाउन स्थानीय सांस्कृतिक प्रस्तुति समेत गरिएको थियो। साथै कुपोषण अन्त्य र समृद्ध समाज निर्माणका लागि ७ बुँदे प्रतिबद्धतामा सरोकारवालाहरूले हस्ताक्षर गरेका छन्।

विपन्न बालबालिकालाई निःशुल्क शिक्षा



काँक्रेविहार संवाददाता
सल्यान, ११ चैत

निजी विद्यालयहरूको बढ्दो शुल्कका कारण अभिभावकहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन कठिनाइ भइरहेको अवस्थामा सल्यानको एक विद्यालयले सामाजिक उत्तरदायित्वको उदाहरण प्रस्तुत गरेको छ। बनगाड कुपिण्डे नगरपालिका-१, सल्लीबजार स्थित लङ्ग ग्रीन रिभर इङ्लिस बोर्डिङ स्कुलले अभिभावक विहीन, अनाथ तथा आर्थिक रूपमा कमजोर ३९ जना बालबालिकालाई पूर्ण रूपमा निःशुल्क शिक्षा उपलब्ध गराउँदै आएको छ। विद्यालयका प्रबन्ध निर्देशक तथा प्रिन्सिपल कमल वलीका अनुसार यो अभियान सुरुमा १७ जना बालबालिकाबाट सुरु गरिएको थियो, जुन अहिले बढेर ३९ पुगेको छ। आर्थिक अभावका कारण विद्यालय जान नपाएका बालबालिकालाई खोजी गरी शिक्षाको पहुँचमा ल्याउने प्रयास विद्यालयले निरन्तर गरिरहेको उनले बताए।

विद्यालयले दुर्गम क्षेत्रका गाउँबस्तीमा पुगेर जोखिममा रहेका तथा अभिभावकविहीन बालबालिकाको पहिचान गर्दै उनीहरूलाई अध्ययनको अवसर प्रदान गर्दै आएको छ। हाल अध्ययनरत विद्यार्थीमध्ये ३५ जना अभिभावकविहीन अनाथ छन् भने चार जना अत्यन्त न्यून आय भएका परिवारका बालबालिका रहेका छन्। यी बालबालिकाको पठनपाठन, पोशाक, स्टेशनरीलगायत सम्पूर्ण खर्च विद्यालयले नै व्यहोर्दै आएको छ। विद्यालय प्रशासनका अनुसार यसका लागि वार्षिक करिब १६ लाख ८६ हजार ३०० रुपैयाँ खर्च हुने गरेको छ।

निजी विद्यालयहरूमा शुल्क वृद्धि र व्यावसायीकरणको आलोचना भइरहेका बेला, सल्यानको यो विद्यालयले निःशुल्क शिक्षा अभियानमार्फत सामाजिक उत्तरदायित्वको सशक्त उदाहरण प्रस्तुत गरेको छ। समस्यामा परेका बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नदिन यस्ता पहलहरू अझ व्यापक बनाउनुपर्ने आवश्यकता देखिएको छ।

क्षयरोग घट्दो, नयाँ संक्रमण रोक्न चुनौती



काँक्रेविहार संवाददाता
सुर्खेत, ११ चैत

विश्व क्षयरोग दिवसको अवसरमा सार्वजनिक गरिएको तथ्याङ्कले कर्णाली प्रदेशमा क्षयरोग नियन्त्रणतर्फ केही प्रगति भए पनि नयाँ संक्रमणको चुनौती अझै कायम रहेको देखाएको छ। स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को पछिल्ला आठ महिनामा कर्णालीका १० जिल्लामा ८ सय ६१ जना नयाँ क्षयरोगी थपिएका छन्।

समग्र बिरामी संख्या घट्दो क्रममा देखिए पनि नयाँ संक्रमण रोक्न नसकिएको अवस्थाले जनस्वास्थ्यमा चिन्ता थपेको छ। निर्देशनालयका क्षयरोग तथा कुष्ठरोग अधिकृत पदमबहादुर केसीका अनुसार जिल्लागत रूपमा बिरामी संख्या फरक-फरक छ। सुर्खेतमा सबैभन्दा धेरै २ सय ९६ जना बिरामी रहेका छन् भने सल्यान र जाजरकोटमा क्रमशः १ सय ४ र १ सय १ जना छन्। हिमाली जिल्लाहरूमा भने संख्या कम देखिएको छ, जहाँ हुम्ला र मुगुमा १९/१९ जना बिरामी भेटिएका छन्। तर यी क्षेत्रमा संख्या कम हुनुको कारण रोगको अभाव नभई परीक्षणको पहुँच न्यून हुनु र भौगोलिक कठिनाइले बिरामी स्वास्थ्य संस्थासम्म नपुग्नु रहेको अनुमान गरिएको छ।

कर्णालीमा क्षयरोग नियन्त्रणका लागि ४ सय १५ वटा उपचार तथा हेरचाह केन्द्र, २ वटा एमडीआर केन्द्र, १० वटा जीन विशेषज्ञ केन्द्र र ३३ वटा माइक्रोस्कोपी सेवा सञ्चालनमा छन्। नौ जिल्लामा एमडीआर सेवा पुगे पनि डोल्पा अझै यस सुविधाबाट वञ्चित रहेको छ। 'हो, हामी क्षयरोग अन्त्य गर्छौं, राष्ट्रिय अभियान हाम्रो योगदान' भन्ने नारासहित प्रदेशभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी विश्व क्षयरोग दिवस मनाइएको छ।

वीरेन्द्रनगर नगर अस्पतालको समन्वयमा आयोजित कार्यक्रममा बिरामीहरूलाई फलफूल वितरण गर्दै उनीहरूको मनोबल बढाउने प्रयास गरिएको थियो। कार्यक्रममा निर्देशक डा. रविन खड्कालगायत सरोकारवालाहरूले क्षयरोग नियन्त्रणका लागि समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिएका छन्। गत आर्थिक वर्षको तुलनामा कर्णालीमा क्षयरोगी संख्या घटेको छ। अघिल्लो वर्ष १ हजार ७१४ जना रहेको बिरामी संख्या चालु वर्षमा घटेर १ हजार ५ सय ३९ पुगेको छ। यद्यपि नयाँ बिरामी पत्ता लागिरहनुले संक्रमण अझै समुदायभित्र लुकेको अवस्थामा रहेको संकेत गर्दछ। यसकारण क्षयरोग नियन्त्रणका लागि विशेषगरी हिमाली क्षेत्रमा परीक्षणको दायरा विस्तार गर्दै स्क्रिनिङ क्याम्पहरू बढाउन आवश्यक देखिएको छ। परीक्षण नै निवारणको पहिलो खुड्किलो हो" भन्ने मान्यतालाई व्यवहारमा उतार्नु अहिलेको प्रमुख आवश्यकता बनेको छ।

शैक्षिक सुधारका लागि ४६ बुँदे प्रतिवद्धता

काँक्रेविहार संवाददाता
जाजरकोट, ११ चैत

जाजरकोटमा शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यसहित प्रधानाध्यापकहरूले सामूहिक रूपमा ४६ बुँदे प्रतिबद्धता सार्वजनिक गरेका छन्। शिक्षा विकास तथा समन्वय इकाइ जाजरकोटको आयोजनामा भएको सरोकारवालासहितको अन्तरक्रिया कार्यक्रममा यस्तो प्रतिबद्धता व्यक्त गरिएको हो।

कार्यक्रममा बोल्दै इकाइ प्रमुख यज्ञश्वर खत्रीले अब योजना बनाउनेभन्दा पनि परिणाम देखाउने समय आएको उल्लेख गरे। प्राविधिक तिलक भट्टराईका अनुसार विद्यालयहरूले अघिल्लो नतिजाको समीक्षा गर्दै सुधारका लागि योजनाबद्ध रूपमा काम गर्नेछन्। यसअन्तर्गत अतिरिक्त कक्षा, कोचिङ, मोडल परीक्षा, अनलाइन शिक्षण तथा निरन्तर मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। प्रतिबद्धतामा परीक्षा प्रणालीलाई मर्यादित र व्यवस्थित बनाउन मोबाइल प्रयोगमा प्रतिबन्ध, चिटिङ नियन्त्रण तथा ७५ प्रतिशत अनिवार्य हाजिरी लागू गर्ने निर्णयसमेत समावेश गरिएको छ।

साथै विद्यालयभित्र जिम्मेवारी बाँडफाँट, शिक्षकहरूको क्षमता विकास, वार्षिक योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गर्न सरसफाइ, पूर्वाधार विकास र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्ने लक्ष्य लिइएको छ।

यसैगरी नयाँ पाठ्यक्रम कार्यान्वयन, सूचना प्रविधिको प्रयोग, शिक्षण सामग्रीको प्रभावकारी उपयोग, विद्यार्थीको प्रतिभा पहिचान तथा प्रारम्भिक सिकाइ अभ्यास विस्तार गर्ने योजना बनाइएको छ। साथै, छात्राका लागि सेनिटरी प्याड उपलब्धता, दिवा खाजा व्यवस्थापन, गुनासो सुनुवाइ प्रणाली, समयमै पाठ्यपुस्तक वितरण तथा इमिस प्रणाली अद्यावधिक गर्ने कार्यलाई पनि प्राथमिकतामा राखिएको छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राजु प्रसाद पौडेलले परीक्षा प्रणालीमा देखिएको कमजोरीप्रति चिन्ता व्यक्त गर्दै एसइई परीक्षामा कुनै पनि अमर्यादित गतिविधि देखिएमा निरीक्षक मात्र नभई केन्द्राध्यक्षलाई समेत कारबाही गरिने चेतावनी दिए।

जीर्ण काठेपुल, आवतजावतमा कठिनाइ

काँक्रेविहार संवाददाता
हुम्ला, ११ चैत

हुम्लाको सिमकोट गाउँपालिका-८, स्याँडा गाउँका बासिन्दाहरू जीर्ण अवस्थामा रहेको माजसाँघु खोलाको काठेपुल प्रयोग गर्न बाध्य भएका छन्। वैकल्पिक व्यवस्था नहुँदा स्थानीयहरूले जोखिम मोलेर दैनिक आवतजावत गरिरहेका छन्। स्थानीय जनप्रतिनिधिका अनुसार करिब एक दशकअघि निर्माण गरिएको उक्त काठेपुल हाल अत्यन्तै जीर्ण भइसकेको छ।

काठ कुहिएर ठाउँ-ठाउँमा प्वाल परेपछि स्थानीयले दुङ्गा राखेर ती भागहरू छोप्दै प्रयोग गर्दै आएका छन्। पुलको लम्बाइ ३३ फिट र चौडाइ ४ फिट मात्र रहेको छ। स्याँडा गाउँका करिब २ सय ७५ घरधुरीका बासिन्दा खेतीपाती, पशुचरण तथा दैनिक कामकाजका लागि यही पुल प्रयोग गर्न बाध्य छन्।

केही महिनाअघि पुलबाट झोपा र घोडा खसेर मृत्यु भएको घटनाले यसको जोखिम अझ स्पष्ट



बनाएको छ। विशेषगरी बालबालिका र ज्येष्ठ नागरिकलाई पुल तर्दा ठूलो समस्या हुने गरेको छ। उनीहरूलाई सुरक्षित रूपमा पार गराउन गाउँका युवाहरूले सहयोग गर्दै आएका छन्। स्थानीयवासीले पटक-पटक सम्बन्धित निकायसँग झोलुङ्गे पुल निर्माणको माग गरे पनि अहिलेसम्म कुनै पहल नभएको गुनासो गरेका छन्। जोखिमपूर्ण अवस्थाबाट मुक्त हुन तत्काल सुरक्षित पुल निर्माण गर्नुपर्ने माग स्थानीयहरूको छ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२

यस मन्त्रालयको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत स्काउट र आत्मरक्षा कार्यक्रम मार्फत युवा नेतृत्व तथा अनुशासनको विकासको लागि रू.२०,०००,००। अक्षेरुपी रु बीस लाख विनियोजन भएकोले सो कार्यक्रममा कर्णाली प्रदेशका सबै पालिकाबाट १/१ जना १६-२४ वर्षका किशोर किशोरी सहभागी गराई ६(छ) दिनको आवासीय सुविधा सहितको स्काउट आधारभूत तालिम, किशोरीहरूको लागि आत्मरक्षा सम्बन्धी कम्तिमा ३ (तीन) दिनको प्रशिक्षण कर्णाली प्रदेशको कम्तिमा ३ जिल्लामा सञ्चालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले आफ्ना कागजातहरू सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही स्वयम् उपस्थित भई सामाजिक विकास मन्त्रालयमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

(क) आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति । (सरकारी निकायको रूपमा लागू नहुने)
(ख) पछिल्लो वा चालु आ.व. भन्दा अघिल्लो आ.व.को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
(ग) स्थायी लेखा नम्बर,
(घ) कार्य गरेको अनुभव पत्र,
(ङ) नेपाली नागरिकताको प्रमाणपत्र,
(च) पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
(छ) प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना सामाजिक विकास मन्त्रालयमा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति बुझाउनु पर्नेछ।
(ज) कार्यक्रममा तोकिएको लागतमा अपुग भए आफ्नै निकायबाट थप गर्ने प्रतिवद्धता,
(झ) प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्न अनुरोध छ।

थप जानकारीका लागि सम्पर्कः
कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय
युवा तथा खेलकुद महाशाखा, वीरेन्द्रनगर, सुर्खेत
वेब साईटः https://mosd.karnali.gov.np सम्पर्क नंः ९८५८०८८०९९

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

बेलिब्रिज पुल स्थानान्तरण गरिदै



काँक्रेविहार संवाददाता
बाजुरा, ११ चैत

बाजुरा जिल्लाको जडाङ्गा खोलामा रहेको बेलिब्रिज पुल अब बुढीनन्दा नगरपालिका-२ स्थित दानसाँघु खोलामा सारिने भएको छ। सरोकारवाला निकाय र स्थानीयवासीबीच सहमति भएपछि पुल स्थानान्तरण गर्ने निर्णय भएको हो। बुढीनन्दा नगरपालिकाका उपप्रमुख रामबहादुर बोहराले गत मंसिर ४ गते दानसाँघु खोलामा पुलको शिलान्यास गरका छन्।

नगरपालिकाका अनुसार प्रयोगविहीन अवस्थामा रहेको जडाङ्गास्थित पुललाई पूर्वोत्तर क्षेत्रका चारवटा स्थानीय तहका बासिन्दाको आवतजावत सहज बनाउन स्थानान्तरण गर्न लागिएको हो। नगरप्रमुख जनकबहादुर बोहराले पुललाई दानसाँघुमा सार्ने पहल केही समय विवादमा रहेको भए पनि सहमति र आर्थिक सहयोगपछि काम अघि बढेको जानकारी दिए।

सडक डिभिजन कार्यालय साँफेबगरको सहयोगमा करिब २ करोड २२ लाख रुपियाँ लागतमा जडाङ्गाबाट दानसाँघु खोलामा स्थानान्तरणको कार्य भइरहेको छ। पछिल्ला पाँच वर्षदेखि जडाङ्गा खोलामा अलपत्र परेको बेलिब्रिज सुरुमा उपयोगी भए पनि नजिकै पक्की पुल निर्माण भएपछि प्रयोगविहीन बनेको थियो।

साँफे-मार्तडी सडकखण्डअन्तर्गत साँफेबगरदेखि मार्तडी करिब ५७ किलोमिटर, मार्तडीदेखि कोल्टी ४२ किलोमिटर र कोल्टीदेखि धुलाचौर करिब १६ किलोमिटर सडक रहेको छ।

१७ भाषामा...

भाषामा शपथ लिँदैछन् ।

त्यसैगरि नीतिमा भण्डारी कार्की र राजेशकुमार चौधरीले बजिका भाषामा शपथ लिने संसद् सचिवालयले जनाएको छ।

भोजपुरी भाषमा कन्हैया बनियाँ, बुद्धिप्रसाद पन्त र रवीन्द्र पटेलले शपथ लिनेछन्।

त्यसैगरि अमरकान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, प्रमिलाकुमारी गच्छदार, सुरेन्द्र चौधरी तथा कठरिया थारू भाषामा करिश्मा कठरिया र राना थारू, कृपाराम राना थारू भाषामा शपथ लिनेछन् ।

मगही भाषामा प्रमोदकुमार महतो र राजकिशोर महतोले शपथ लिने संसद् सचिवालयले जनाएको छ।

त्यसैगरि संस्कृत भाषामा खुश्बु ओली, बान्तावा भाषामा ध्रुवराज राई, तामाङमा परशुराम तामाङ, चाम्लिङमा निश्कल राई, अवधिमा मोहम्मद इश्तियाक राई, बझांगीमा ऐनबहादुर महर, छन्त्यालमा गंगा छन्त्याल र मगर खाम भाषमा रेनुका काउचाले शपथ लिने तयारी गरेका छन्।

नदीखोलामा अवैध उत्खनन

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, ११ चैत

बाँके जिल्लाका विभिन्न नदी र खोलामा अवैध रूपमा बालुवा, गिट्टी र अन्य नदीजन्य पदार्थको उत्खनन र ओसारपसार तीव्र रूपमा भइरहेको पाइएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेको सूचना अनुसार विभिन्न स्थानमा छापा मार्दै आठ वटा सवारी साधन नियन्त्रणमा लिएको छ।



कोहलपुर नगरपालिकाबाट एक जेसिबी, दुई टिप्पर र एक ट्याक्टर नियन्त्रणमा लिइएको छ भने बैजनाथ गाउँपालिका-२, मैकैवारी क्षेत्रबाट पनि एक जेसिबी, दुई टिप्पर र एक ट्याक्टर कारबाहीका लागि नियन्त्रणमा लिइएको छ। सबै सवारी साधन सम्बन्धित स्थानीय कार्यपालिकामा बुझाइएको छ।

प्रहरी प्रवक्ता दीपक पातलीका अनुसार अवैध उत्खनन रोक्न नियमित अनुगमन र कारबाही तीव्र बनाइएको छ। साथै, नदी र खोलामा निगरानी बढाइएको छ। स्थानीयले राप्ती नदी क्षेत्रमा क्रसर उद्योगसँगै मनपरी उत्खनन भइरहेको गुनासो पनि व्यक्त गरेका छन्।

कारागारमा कैदीवन्दीको स्वास्थ्य परीक्षण



काँक्रेविहार संवाददाता
जुम्ला, ११ चैत

जुम्ला कारागारमा रहेका कैदीवन्दीहरूको स्वास्थ्य अवस्था सुधार गर्न विशेष स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जिल्ला जनस्वास्थ्य सेवा कार्यालय जुम्लाको आयोजनामा तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालको सहकार्यमा उक्त कार्यक्रम सम्पन्न भएको हो। विश्व क्षयरोग दिवसको अवसर पारेर सञ्चालन गरिएको यस शिविरमा ६२ जना कैदीवन्दीको स्वास्थ्य परीक्षण गरिएको जिल्ला जनस्वास्थ्य सेवा कार्यालयका प्रमुख किरण शर्माले जानकारी दिए। परीक्षणका क्रममा २१ जनालाई मानसिक स्वास्थ्यसम्बन्धी परामर्श तथा उपचार प्रदान गरिएको थियो भने ९ जनालाई क्षयरोगको जोखिम देखिएकाले थप परीक्षणका लागि सिफारिस गरिएको छ।

साथै, १० जना उच्च रक्तचापका बिरामी भेटिएका छन्। शिविरमा सहभागी विशेषज्ञ तथा स्वास्थ्यकर्मीहरूले सामान्य स्वास्थ्य परीक्षणसँगै रक्तचाप, मधुमेह, पोषण अवस्था, दीर्घरोगको सम्भावित जोखिम तथा मानसिक स्वास्थ्य अवस्थाको पनि मूल्याङ्कन गरेका थिए। विशेषगरी मानसिक स्वास्थ्य परीक्षणमा सकारात्मक सोच विकास, आत्मविश्वास अभिवृद्धि र तनाव व्यवस्थापनका उपायबारे परामर्श दिइएको थियो।

परीक्षणका क्रममा सामान्य स्वास्थ्य समस्या देखिएका कैदीवन्दीलाई तत्काल औषधि वितरण गरिएको छ भने जटिल समस्या भएका व्यक्तिहरूलाई थप उपचारका लागि सिफारिस गरिएको जनाइएको छ। कारागारभित्र रहेका नागरिकहरूको स्वास्थ्य अधिकार सुनिश्चित गर्न यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताइएको छ। साथै, सो अवसरमा कैदीवन्दीहरूलाई फलफूल समेत वितरण गरिएको थियो। जिल्ला जनस्वास्थ्य सेवा कार्यालयले यसअघि पुस महिनामा पनि यस्तै स्वास्थ्य शिविर सञ्चालन गरेको जनाएको छ।

गुणस्तरीय शिक्षामा प्रदेश सरकारको जोड



काँक्रेविहार संवाददाता
सुर्खेत, ११ चैत

कर्णाली प्रदेश सरकारले आगामी दस वर्षका लागि तयार पारिरहेको शिक्षा सुधार योजना अन्तिम चरणमा पुगेको छ। सामाजिक विकास मन्त्रालयले शैक्षिक वर्ष २०८२/८३ देखि २०९१/९२ सम्म लागू हुने दीर्घकालीन योजना छिट्टै कार्यान्वयनका लागि पेश गर्ने तयारी गरेको जनाएको छ।

शैक्षिक विकास महाशाखा प्रमुख सुवर्ण खड्काका अनुसार योजना मार्फत ज्ञान, सीप र सकारात्मक सोचयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ। यसले कर्णालीलाई विकासोन्मुख प्रदेशको रूपमा स्तरोन्नति गर्न टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

योजनामा उच्च शिक्षा, प्राविधिक र व्यावसायिक शिक्षा विस्तार, सबै नागरिकका लागि साक्षरता तथा जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्ने नीति समावेश गरिएको छ।

साथै, शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाएर सुरक्षित, समावेशी र प्रविधिमैत्री वातावरण निर्माण गर्ने लक्ष्य राखिएको छ। सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले योजना कार्यान्वयनले शिक्षा क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन स्पष्ट मार्गचित्र प्रदान गर्ने विश्वास व्यक्त गर्दै आगामी बजेटमा प्राथमिकता दिने जानकारी दिए। मन्त्री भण्डारीका अनुसार योजना सफल हुन शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक संस्था र सरकारबीच सहकार्य अपरिहार्य छ।

टन्सिलका लक्षण:

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्ससंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२

यस मन्त्रालयको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम युवा उद्यमशिलता पुरस्कार अन्तर्गत कर्णाली प्रदेशका २४ प्रदेश निर्वाचन क्षेत्रका १/१ जना युवा उद्यमीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले सो कार्यक्रममा सहभागी हुन इच्छुक कर्णाली प्रदेशमा स्थायी बसोबास गर्ने १६-४० वर्षका युवाहरुले तपसिलमा उल्लेख भएका कागजातहरु स्वयंले प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सामाजिक विकास मन्त्रालयमा स्वयम् उपस्थित भई वा मन्त्रालयको इमेल ठेगाना ysd.mosdkarnali@gmail.com मा प्रस्तावना पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

(क) युवा उद्यमशिलता पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-१ बमोजिमको निवेदन,
(ख) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) अन्य प्रदेशबाट आएको हकमा नियमानुसारको बसाईँसराईँ दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) बैंक खाता र सोको विवरण,
(ङ) अनुसूची-२ बमोजिमको स्वघोषणापत्र,
(च) सोह्र वर्ष पूरा गरी चालिस वर्ष ननाघेको नेपाली नागरिक,
(छ) आफ्नो नामबाट उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रुपमा उद्योग व्यवसाय सञ्चालन गरेको,
(ज) स्थानीयस्तरमा रोजगारी सिर्जना गरेको,
(झ) श्रम सम्बन्धी कानून उल्लंघन गरेको कारणबाट कारवाहीमा नपरेको,
(ञ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,
(ट) प्रचलित कानून बमोजिम अयोग्य नभएको।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)